**सम्झौतामा उल्लेख गरिएका प्रमुख प्रतिबद्धताहरू**

**१. सबै प्रतिष्ठानका मुख्य साझा प्रतिवद्धताः**
सम्झौतामा सबै ६ वटै प्रतिष्ठानले अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने साझा कार्यहरूः

**डिजिटल सेवाः** अस्पतालमा भीड व्यवस्थापन गर्न डिजिटल टोकन र अनलाइन अपोइन्टमेन्ट प्रणाली पूर्ण रूपमा लागू गर्ने तथा "एकीकृत विद्युतिय चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१" बमोजिम सबै मेडिकल रेकर्डलाई व्यवस्थित गर्न इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR) प्रणाली कार्यान्वयन गर्ने।

**सेवाग्राहीमैत्री सेवाः** अस्पताल प्रवेश गर्ने बित्तिकै सेवाग्राहीलाई सहजीकरण गर्न 'सेवाग्राही सहजकर्ता' र 'सहयोग कक्ष' स्थापना गर्ने।

**औषधिहरूको निरन्तर उपलब्धताः** अस्पताल फार्मेसीलाई पूर्ण क्षमतामा सञ्चालन गरी स्वास्थ्य बीमा लगायतका सबै आवश्यक औषधिहरूको निरन्तर उपलब्धता सुनिश्चित गर्ने।

**सुशासन र जवाफदेहिताः** कार्यसम्पादन सूचक (KPI) लागू गर्ने, गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी बनाउने र अस्पतालजन्य फोहोरको राष्ट्रिय मापदण्डअनुसार व्यवस्थापन गर्ने।

**२. प्रतिष्ठानहरूबीच मुख्य रणनीतिक सहकार्यः**
एकअर्काको विशेषज्ञतालाई उपयोग गर्दै सेवा विस्तार गर्न प्रतिष्ठानहरूबीच आपसी सहकार्य गर्नेः

**जलन उपचारमा सहकार्यः NAMS (वीर अस्पताल)** ले कीर्तिपुर अस्पतालसँगको सहकार्यमा जलन उपचार वार्ड सञ्चालन गर्नेछ भने **पोखरा** र **वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**ले पनि जलन उपचार सेवालाई थप सुदृढ र विस्तार गर्ने।

**क्यान्सर उपचारमा साझेदारीः पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान**ले बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरसँगको समन्वयमा गण्डकी प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार गर्ने।

**३. हरेक प्रतिष्ठानका लागि विशेष कार्ययोजनाः**
प्रत्येक प्रतिष्ठानको विशिष्ट क्षमता र आवश्यकताअनुसार फरक-फरक लक्ष्यहरूः

**NAMS:** आगामी आर्थिक वर्षदेखि MBBS शैक्षिक कार्यक्रम सुरु गर्ने, भक्तपुरको दुवाकोटमा वीर अस्पताल विस्तार आयोजनाको डी पी आर (DPR) लाई अन्तिम रूप दिने। काठमाडौं उपत्यकाका

महा/नगरपालिकाहरूसँग समन्वय गरी कम्तिमा ४ वटा “मेट्रो हेल्थ सेन्टर” स्थापना गरी अस्पतालको स्याटेलाइट सेवा केन्द्रको रूपमा विशेषज्ञ सेवाको पहुँच विस्तार गर्ने।

**पाटन प्रतिष्ठानः** अस्पताललाई पूर्ण रूपमा 'पेपरलेस' बनाउने, काठमाडौं उपत्यकाका महा/नगरपालिकाहरूसँग समन्वय गरी कम्तिमा ४ वटा “मेट्रो हेल्थ सेन्टर” स्थापना गरी अस्पतालको स्याटेलाइट सेवा केन्द्रको रूपमा विशेषज्ञ सेवाको पहुँच विस्तार गर्ने।

**कर्णाली प्रतिष्ठानः** कर्णाली क्षेत्रमा प्रचलित रोगहरूमा अनुसन्धान गर्ने र टेलिमेडिसिन जस्ता नवीन प्रविधिको सुरुवात गर्ने।

**राप्ती प्रतिष्ठानः** सिकलसेल एनिमियाको वृहत स्क्रिनिङ गर्ने र न्यूरो तथा कार्डियोलोजी सेवाका लागि 'क्याथल्याब' सञ्चालन गर्ने।

**वी.पी. कोइराला प्रतिष्ठानः** ४०० शय्याको मातृत्व तथा स्वास्थ्य सेवा केन्द्रको निर्माण सम्पन्न गरी सेवा सुरु गर्ने।